**स्थानीय सरकार**
**मध्यपुर थिमि नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मध्यपुर थिमि,भक्तपुर**
**३ नं.प्रदेश नेपाल**

**नगरपालिकाले लागत साझेदारीमा आय आर्जन,सीप विकास तथा जिविकोपार्जन र अन्य कार्यक्रम सञ्चालन गर्दा तपसिलका मापदण्डलाई आधार बनाईने छ।**

१. तालिम तथा कार्यक्रम सञ्चालन गर्दा लाग्ने अनुमानित बजेट विवरणहरु मध्ये श्रोत व्यक्तिको पारिश्रमिक, हल भाडा, स्टेशनरी, चिया खाजा व्यवस्था र अन्य सामाग्रीहरु मध्ये कार्यक्रमको प्रकृति र कार्यक्रमका लक्षित समुदायको आधारमा कुनै शिर्षकहरुमा लागत साझेदारी गरिने छ । यसरी लागत साझेदारी गर्दा कुल अनुमानित लागत विवरणहरु मध्ये बढीमा ८० प्रतिशत सम्म लागत साझेदारी गरिने छ।

२. तालिम कार्यक्रम सञ्चालन गर्दा सहभागीहरुलाई दिईने कुनै पनि यातायात खर्च,प्रोत्साहन खर्च तथा तालिम भत्तामा न.पा.ले लागत साझेदारी गरिने छैन।

३. कुनै पनि कार्यक्रमको प्रस्ताव न.पा. वा वडा कार्यालयमा पेश गर्दा कार्यक्रम संचालनका लागि आवश्यक श्रोत व्यक्ति, तालिम हल, स्टेशनरी, खाजा लगाएतका दर रेट नेपाल सरकार अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, कार्य सञ्चालन निर्देशिका २०७५ र नगरपालिकाले तोकेको नर्मस अनुसार हुने गरि कार्यक्रम प्रस्ताव पेश गर्नु पर्नेछ । पेश गरेको कार्यक्रममा न.पा.वाट हुने लागत साझेदारीवाट नपुग रकम संस्था आफैले वा अन्य श्रोतवाट व्यवस्था गर्नु पर्नेछ र कार्यक्रमको समाप्ती पछि कुल अनुमानित लागत बरावरको बिल भर्पाई र प्रतिवेदन न.पा.मा पेश गर्नु पर्नेछ।

४.बढी भन्दा बढी स्थानीय समुदाय र समुहवाट श्रोत संकलन तथा सहभागीता हुने खालको तालिममा न.पा.ले प्राथमिकता दिने छ।

५. अशक्त अपाङ्ग, एकल महिला, दलित तथा पिच्छडिएका समुदायलाई लक्षित गरि सञ्चालन हुने कार्यक्रमलाई पहिलो प्राथमिकता दिने छ।

६. तालिम कार्यक्रम सञ्चालन गर्नका लागि चाहिने मेशिनरी सामाग्रीहरु खरिद कार्यमा न.पा.वाट लागत साझेदारी गरिने छैन। तर जिविकोपार्जन कार्यका लागि समुहगत कार्यक्रमहरुमा भन्ने लागत साझेदारी गरिने छ।

७. बढीमा ३ महिना सम्म सञ्चालन हुने तालिम कार्यक्रममा मात्र न.पा.ले लागत साझेदारी गर्नेछ।

८. एउटा समुहको एउटा कार्यक्रममा मात्र लागत साझेदारी गरिने छ।

९. कुनै पनि समुहले आय आर्जन,सीप विकास तथा जिविकोपार्जन सुधार कार्यक्रम तथा तालिम सञ्चालनका लागि कार्यक्रम प्रस्ताव पेश गर्दा तपसिलका विषयहरु उल्लेख गरि कार्यक्रम प्रस्ताव पेश गर्नु पर्ने छ।

- **संस्था वा समुहको परिचय :**
- **विगतमा कुनै संस्थाले कुनै तालिमहरु संचालन गरेको भए सो तालिम लिएका प्रशिक्षार्थीहरु मध्ये के कतिले आय आर्जन कार्यमा संलग्न भएका छन सोको बारेमा समेत उल्लेख गर्नु पर्नेछ।**
- **कार्यक्रम,योजना वा आयोजना परिचय तथा समस्या विवरण :**
- **लक्ष्य :**
- **उदेश्य :**
- **लक्षित समुह,समुदाय :**
- **सञ्चालन गर्ने स्थान, समयावधि :**
- **कार्य सञ्चालन विधि,रणनीति तथा कृयाकलापहरु :**
- **स्थानीय श्रोत साधन तथा सीपको परिचालन तथा प्रयोग :**
- **तालिम तथा बजारको व्यवस्था :**

- **योजना/आयोजना/कार्यक्रमवाट पार्ने दीर्घकालिन असरहरु :**
- **अनुगमन र मुल्याँकन :**
- **दिगोपना र अनुशरण :**
- **बजेट व्यवस्था/लागत विवरण :**
- **सहयोगी श्रोत/ निकाय :**

१०. सम्वन्धित वडा कार्यालयको निर्णय र सिफारिस सहित कार्यक्रम प्रस्ताव न.पा.मा पेश गर्नु पर्नेछ ।
११. सहभागीहरु छनौटका लागि सार्वजनिक रुपमा सुचना प्रकाशन गरि न.पा.मा जानकारी दिनु पर्नेछ ।
१२. तालिममा कम्तिमा १५ जना देखि बढीमा ३० जना सम्म सहभागीहरु राख्नु पर्नेछ ।

**गोष्ठी, सेमिनार, सम्मेलन, व्यक्तित्व विकास, सचेतनामुलक र सशक्तिकरण कार्यक्रमको लागि :**

- श्रोत व्यक्ति/ कार्यपत्र वाह्य प्रस्तुतकर्ताका लागि प्रति कक्षा रु २०००।- र आन्तरिक प्रस्तुतकताका लागि प्रति कक्षा रु १६००। (एउटा शेसन वा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेट हुन पर्दछ ।)
- टिप्पणी कर्ताका लागि रु ९००।- ( एउटा कार्यक्रममा दुईजना भन्दा वढी टिप्पणीकर्ता राख्न पाउने छैन ।)
- सहभागीहरुलाई चिया,नास्ता,खाजा व्यवस्था खर्च बढीमा प्रति दिन प्रति व्यक्ति रु २००।-
- मसलन्द तथा स्टेशनरी सहभागीहरुको लागि प्रति व्यक्ति रु १००।- र प्रशिक्षण कार्यका लागि प्रति कार्यक्रम रु २५००।-
- संयोजक भत्ता प्रति दिन रु ४००।- र सहयोगी भत्ता प्रति दिन रु १५०।- ( एक कार्यक्रममा एक जना संयोजकलाई कार्यक्रमको प्रतिवेदन बुझाएपछि र दुई जना सम्म सहयोगीलाई भत्ता दिन सकिनेछ । संयोजक कार्यक्रम अवधिमा विदा बसेमा वा अनुपस्थित भएमा भत्ता नपाउने र संयोजकको काम सहयोगीले गरे वापत संयोजकले पाउने भत्ता पाउने छैन)
- तुल,व्यानरको लागि प्रति कार्यक्रम रु १०००।-
- कार्यक्रम हल भाडा वा अन्य सामाग्रीको भाडा प्रचलित बजार दररेट अनुसार हुनेछ ।
- प्रतिवेदकको पारिश्रमिक रु १०००।- हुनेछ । तर कार्यक्रम संयोजक रहने कार्यक्रममा प्रतिवेदनको पारिश्रमिक उल्लेख गर्न पाईने छैन, संयोजक आफैले प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**आय आर्जन तथा सीप विकास तालिम श्रोत व्यक्ति पारिश्रमिक दररेट**

- ७ कार्यदिन सम्मको तालिम कक्षागत रुपमा र सो भन्दा बढीको तालिममा आवधिक रुपमा श्रोत व्यक्तिको व्यवस्था गर्नु पर्दछ ।
- आवधिक रुपमा श्रोत व्यक्तिको व्यवस्था गर्दा एउटा तालिममा आवश्यकता अनुसार मुख्य प्रशिक्षक र सहायक प्रशिक्षक गरि दुई जना श्रोत व्यक्ति राख्न सकिने छ र सीप स्तर (Skill Level) का आधारमा स्थानीय प्रचलन समेतको विचार गरी उल्लिखित अधिकतम सीमा भित्र तिनको पारिश्रमिक तोक्नु पर्दछ ।
- ७ कार्यदिन सम्मको तालिममा सहभागीहरुलाई चिया,खाजाको लागि लाग्ने खर्च विवरणमा पनि न.पा.ले लागत सहभागीता गर्न सकिने छ तर आवधिक तालिम(७ दिन भन्दा बढीको) मा चिया,खाजाका लागि न.पा.वाट लागत सहभागीता गरिने छैन ।
- सहभागीहरुलाई चिया,नास्ता,खाजा व्यवस्था खर्च बढीमा प्रति दिन प्रति व्यक्ति रु २००।

**छोटो तालिम (१ देखि ७ दिन सम्मको तालिमका लागि)**

- प्रति कक्षा सञ्चालन बापत बढीमा रु ७,००।
- एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेटको हुनु पर्दछ ।

**आवधिक तालिम**

**३० कार्य दिन सम्मको तालिमका लागि श्रोत व्यक्ति पारिश्रमिक प्रतिदिन**

- मुख्य प्रशिक्षक (प्रति दिन न्युनतम २ कक्षा लिनु पर्ने ) रु ७,००।

- सहायक प्रशिक्षक(प्रति दिन न्यूनतम २ कक्षा लिनु पर्ने) रु ५००।

**३० कार्य दिन भन्दा भन्दा बढीको तालिममा श्रोत व्यक्तिलाई मासिक पारिश्रमिक प्रति महिना**

- मुख्य प्रशिक्षक(मासिक न्यूनतम ६० कक्षा लिनु पर्ने) रु १०,०००।
- सहायक प्रशिक्षक(मासिक न्यूनतम ६० कक्षा लिनु पर्ने) रु ७,०००।
- मासिक न्यूनतम ६० कक्षा लिनु पर्नेछ ।

**मसलन्द सामाग्री**

**७ दिन सम्मको तालिमका लागि**

- प्रति सहभागी (कपी र पेन) रु ५०।
- प्रशिक्षणका लागि एकमुष्ठ प्रति कार्यक्रम (बोर्डमार्कर,मेटाकार्ड,मास्किङ टेप,फोटोकपी आदी)रु १५००।

**७ दिन भन्दा बढी तालिमका लागि**

- प्रति सहभागी(कपी र पेन) रु ७५।
- प्रशिक्षणका लागि एकमुष्ठ प्रति कार्यक्रम (बोर्डमार्कर,मेटाकार्ड,मास्किङ टेप,फोटोकपी आदी)रु २०००।

**संयोजक भत्ता**

- अधिकतम १५ कार्यदिन सम्म प्रति दिन रु ४००।
- १५ दिन भन्दा बढी कार्यदिनमा प्रति दिन रु २००।

**सहयोगी भत्ता**

- अधिकतम १५ कार्यदिन सम्म प्रति दिन रु १५०।
- १५ दिन भन्दा बढी कार्यदिनमा प्रति दिन रु ७५।

**प्रमाण पत्र,तुल,व्यानर**

- ७ दिन कार्यदिन सम्म प्रति कार्यक्रम रु १०००।
- ३० कार्यदिन सम्म प्रति कार्यक्रम रु १५००।
- ३० कार्यदिन भन्दा बढी प्रति कार्यक्रम रु २०००।

- ➢ तालिम हल/कक्ष भाडा प्रचलित स्थानीय बजारदर अनुसार हुनेछ ।
- ➢ तालिमका लागि आवश्यक सामाग्रीहरु(कच्चा पदार्थ,नमुना,सानातिना औजार आदी प्रचलित स्थानीय बजारदर अनुसार हुनेछ ।
- ➢ प्रतिवेदकको पारिश्रमिक रु १०००। (तालिम संयोजक रहने तालिममा प्रतिवेदनको पारिश्रमिक उल्लेख गर्न पाईने छैन, संयोजक आफैले प्रतिवेदन पेश गर्नु पर्नेछ ।